ISSN: 2676-1173

लोकतन्त्र, मानव अधिकार, शान्ति र सुशासनका लागि

स्थापना १९९७

# मानव अधिकार अनुगमन

स्मारिका

# Human Rights Monitor

souvenir

वर्ष–१६ | अंक ३२ | असोज–२०७६ | October-2019 | No. 32




## राष्ट्रिय मानव अधिकार प्रतिष्ठान

## National Human Rights Foundation

## HURFON

Central office:
P. O. Box 6601, Kathmandu-10, New Baneshwor, Binayaknagar, N
Tel.: 01-5172727, 5172160
E-mail: hurfon.nepal@gmail.com
Web: www.hurfon.org.np,
Facebook: www.facebook.com/hurfon.nepal

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya

PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

CamScanner

ISSN: 2676-1173

लोकतन्त्र, मानव अधिकार, शान्ति र सुशासनका लागि

स्थापना १९९३

# मानव अधिकार अनुगमन

स्मारिका

# *Human Rights Monitor*

*souvenir*

वर्ष–१६ | अंक ३२ | असोज–२०७६ | October-2019 | No. 32




## राष्ट्रिय मानव अधिकार प्रतिष्ठान

## National Human Rights Foundati

## HURFON

Central office:
P. O. Box 6601, Kathmandu-10, New Baneshwor, Binayaknagar, N
Tel.: 01-5172727, 5172160
E-mail: hurfon.nepal@gmail.com
Web: www.hurfon.org.np,
Facebook: www.facebook.com/hurfon.nepal

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya

PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

CamScanner

लोकतन्त्र, मानव अभिकार, शान्ति र शिक्षाका लागि

*Human Rights Monitor*

# मानव अधिकार अनुगमन

स्मारिका

वर्ष-१६, अंक-३२ असोज, २०७६ October 2019 No. 32

सम्पादक
भवानी प्रसाद खरेल

भाषा सम्पादन
माधवप्रसाद नेपाल

सह-सम्पादक
हरिचन्द्र भट्टराई
डा. सृजना शर्मा
टि. एन. न्यौपाने "नवराज"
विनोद कुमार विश्वकर्मा
गणेश प्रसाद घिमिरे

संयोजन
लक्ष्मणनाथ उप्रेती

विशेष योगदान
राजकुमार गुरुङ
श्रीमती सोनाम शेर्पा
घमान तामाङ
ठाकुर गौतम
पासाङ तामाङ
ज्ञान ध्वज तामाङ

कम्प्युटर/सेटिङ/डिजाइन
भीमप्रसाद न्यौपाने
यज्ञ खत्री

प्रकाशक
राष्ट्रिय मानव अधिकार प्रतिष्ठान

मुद्रण
शिखर प्रिन्टीङ्ग सपोर्ट प्रेस,
काठमाडौं
फोन : ०१-४३८६९३४

छपाई: १,००० प्रति

सहयोग मूल्य
व्यक्तिगत : रु. २००।-
संस्थागत : रु. ५००।-
ISSN: 2676-1173

## यसभित्र

| | | |
|---|---|---|
| प्रतिष्ठानको केन्द्रीय कार्यसमिति र सल्लाहकार | | |
| अध्यक्षको कलम... | | |
| प्रतिष्ठानको केन्द्रीय परिषद सदस्यहरु | | |
| सङ्घीय संविधान र खानेपानीको अधिकार | काशीराज दाहाल | १ |
| वामपन्थ र दुई तिहाई सरकार | प्रा. डा. सुरेन्द्र के.सी. | ७ |
| सामाजिक न्यायसहितको समृद्धि... | गणेश विश्वकर्मा | ९ |
| कविता: मेरो क्षितिज : तिम्रो गणित | इन्दिरा चुडाल खरेल | १२ |
| A NEW ERA OF REFUGEE... | Dr. Gopal K. Siwakoti | १३ |
| HUMAN RIGHTS AND... | Baskota Dhananjaya | १९ |
| A Story of a Single Mother | Lajja Dixit | २१ |
| Growth Identification... | Bikal Shrestha | २३ |
| Strengthening Hospital Responses... | Kanchan Prasad Kharel | २५ |
| सामाजिक सञ्जाल : प्रयोग र प्रयोजन | रामकृष्ण काफ्ले | २७ |
| बालदिवसको सान्दर्भिकता... | कृष्ण सुवेदी | २९ |
| नेपाल पिपल्स फोरम २०१९... | दयासागर श्रेष्ठ | ३१ |
| अन्तर्राष्ट्रिय फौजदारी अदालत... | डा.अश्वस्थामा भक्त खरेल | ३५ |
| शिक्षा बिनाको लोकतन्त्र... | बद्रीप्रसाद सिवाकोटी | ३९ |
| प्रमुख जिल्ला अधिकारी | विदुरप्रसाद अधिकारी | ४३ |
| जम्मु कश्मीर विवाद : एक अध्ययन | डा. राजेन्द्र कोंजू | ४५ |
| मानव अधिकारका दृष्टिले नारी... | डा. सृजना शर्मा | ४७ |
| ईश्वरी कथाको विश्लेषण... | मुक्ति नाथ शर्मा | ५३ |
| सम्मानपूर्वक बाँच्न पाउने अधिकार... | देवीका केसी | ५७ |
| बालबालिका बेचबिखन नियन्त्रण... | अनुराधा जोशी | ५९ |

**अभियान समाचार**

- बहुमतको सरकार गठनको १५ महिना: बृहत् राष्ट्रिय परामर्श ६१
- केन्द्रीय परिषद् बैठक सम्पन्न ७३

**अनुगमन समाचार (कहिले के भयो ?)** ७७

- प्रतिष्ठानको शाखा गतिविधि
- प्रतिष्ठानको प्रेस विज्ञप्तिहरु
- राहत सामग्री वितरण
- प्रतिष्ठानका थप सदस्यहरुको सूची
- प्रतिष्ठानको भवन निर्माण कोष

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

CamScanner

# मानव अधिकार समस्याका दृष्टिले ईश्वरी कथाको विश्लेषण

**मुक्ति नाथ शर्मा**
शोधार्थी, नेपाली विभाग, उत्तरवङ्ग विश्वविद्यालय, भारत

**मानव अधिकारको परिचय एवम् परिभाषाः**

मानव अधिकार दुईवटा शब्दको जोडी शब्द हो। साधारणतः 'मानव' शब्दको अर्थ 'मनुका सन्तान, मान्छे, मानिस, मनुष्य' बुझिन्छ भने 'अधिकार' शब्दले 'हक, स्वामित्व, दावी, प्रभुत्व' भन्ने अर्थलाई बुझाउँदछ। तर समग्र रूपमा मानव अधिकार शब्दले सर्वव्यापी अर्थ वहन गरेको पाइन्छ। यसले मानिसलाई स्वतन्त्र एवम् समानताका साथ सम्मानजनक अर्थपूर्ण जीवन जिउँने अधिकार प्रदान गर्दछ। मानव अधिकार के हो? भन्ने कुरालाई अञ्जली कश्यपले आफ्नो पुस्तक "भारतीय संविधान एवम् मानव आधिकारमा" निम्नलिखित तर्कद्वारा स्पष्ट गरेकी छन्:

"मानव अधिकार दुई शब्दले बनेको छ। १) मानव २) अधिकार'। 'मानव' शब्दको तात्पर्य एउटा यस्तो प्राणीसँग छ, जसले आफ्नो इच्छा अनुरूप जीवन जिउँदछ, अर्थात, इच्छा अनुरूप अनुकूल जीवन जीउँने प्राणी नै मानव हो। 'अधिकार' को तात्पर्य यस्तो अवस्था र परिस्थिति हो, जसले मानवको विकास हुन्छ साथै उसको आवश्यकताहरूलाई पूर्ण गर्छ। यसर्थ मानव अधिकारको अर्थ 'मनले इच्छा अनुरूप जीवन जिउने प्राणीको निम्ति यस्तो अनुकूल अवस्था, परिस्थिति एवम् सुविधाहरू उपलब्ध गराईयोस, जसले उसको आवश्यक आवश्यकताहरू पूर्ण होस् अनि उसको सर्वतोमुखी विकास होस्।"

मानव अधिकारलाई परिभाषित गर्ने क्रममा विश्वका विभिन्न सङ्घसंस्था एवम् विद्वानहरूले निम्नलिखित मन्तव्य व्यक्त गरेका छन्:

क) संयुक्त राष्ट्र सङ्घको बडा पत्रमा मानव अधिकारबारे विभिन्न अनुच्छेदहरूमा चर्चा गरिएको पाइन्छ। यसअन्तर्गत अनुच्छेद १, १३, ५५, ५६ र ६२-मा मानव अधिकारबारे उल्लेख रहेको छ। बडा पत्रको अनुच्छेद ५५-अन्तर्राष्ट्रिय आर्थिक एवम् सामाजिक सहयोग)-मा भने मानव अधिकारबारे विस्तारपूर्वक चर्चा गरिएको पाइन्छ। यस अनुच्छेद अन्तर्गत मानव अधिकारबारे निम्नलिखित कुराहरू उल्लेख रहेका छन्-

१. जीवनको उच्च स्तर, सबैलाई रोजगार अनि आर्थिक, सामाजिक प्रगति अनि विकासको निम्ति समान अवसर,

२. अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक, स्वास्थ सम्बन्धी समस्याहरूका समाधान अनि अन्तर्राष्ट्रिय सांस्कृतिक एवम् शैक्षिक सहयोग,

३. मानव अधिकार एवम् सार्वभौमिक सम्मान अनि मान्यता साथै जाति, लिङ्ग, भाषा एवम् धर्मका आधारमा विभेद नगरी सबैलाई मौलिक स्वतन्त्रता,



ख) 'मानव अधिकार संरक्षण अधिनियम-१९९३ अनुसार मानव अधिकारको तात्पर्य संविधानद्वारा प्रत्याभूत एवम् अन्तर्राष्ट्रिय कानुनमा सम्मिलित साथै भारतीय न्यायलयद्वारा अङ्गीकृत, व्यक्तिहरूका जीवन, स्वतन्त्रता, समानता एवम् गरिमासँग सम्बन्धित अधिकारसँग छ'।

ग) 'डी डी बासुले मानव अधिकारलाई प्राकृतिक नियम मान्दै यसको परिभाषा निम्न प्रकारले दिएका छन्-'मानव अधिकार मानिसहरूको त्यो सानोभन्दा सानो अधिकार हो, जुन कुनै राज्य एवम् सरकारको अनुमति बिना नै कुनै पनि परिवारका प्रत्येक सदस्यहरूले बिना कुनै हिचकिचाई प्राप्त गरेको हुनुपर्छ'।

घ) 'पी पी रायअनुसार मानव अधिकारलाई विश्वका प्रत्येक परिवारका सदस्यहरूको मानमर्यादा, अविभाजित अधिकार, स्वतन्त्रता, न्याय एवम् शान्तिको मूल मानिएको छ, यसर्थ यसलाई मान्यता दिनु पर्दछ'।

ङ) 'प्रयोगात्मक नेपाली शब्दकोश अनुसार मानव अधिकार संयुक्त राष्ट्र सङ्घको सन् १९४८-को घोषणा पत्रमा उल्लेख भएअनुसार विश्व मानवले निर्वाध रूपमा पाउनु पर्ने आधारभूत वैयक्तिक, सामाजिक, आर्थिक राजनीतिक हक वा स्वतन्त्रा'।

माथि उल्लेखित विभिन्न सङघसंस्था एवम् विद्वानहरूका मतानुसार मानव अधिकार संसारका प्रत्येक मानिसहरूले पाउनु पर्ने अनिवार्य अधिकार हो। जुन उसको मूल वंश, जाति, लिङ्ग, धर्म आदिको भेदभाव बिना नै प्राप्त गरेको हुनु पर्छ। अनि कुनै प्रकारको हस्तक्षेप बिना नै उसले जीवनको हरेक क्षेत्रमा विकास गरेको हुनु पर्छ। जसले उसलाई सम्मानपूर्ण जीवन जिउनलाई सहयोग गरोस्।

**मानव अधिकारका प्रकार एवम् भारतीय संविधान अन्तर्गत मानव अधिकार :**

संयुक्त राष्ट्र सङ्घको घोषणा पत्र एवम् अन्तर्राष्ट्रिय मानव अधिकार सन् १९४८-को सर्वव्यापी घोषणा पत्रका विभिन्न अनुच्छेदहरूमा मानव अधिकारबारे उल्लेख
भने १६ दिसम्बर १९६६-को संयुक्त राष्ट्र मह
अनुसार मानव अधिकारलाई मुख्य रूपमा दुई
गरिएको छ। ती हुन् १) नागरिक एवम् राजनी
सम्झौता-१९६६ अनि २) आर्थिक, सामाजिक

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

अधिकारको सम्झौता (१९६६)।

१ नागरिक एवम् राजनैतिक अधिकार-१९६६)-को सम्झौता अन्तर्गत निम्नलिखित अधिकारहरू रहेका छन्

क जीवन, स्वतन्त्र एवम् सुरक्षाको अधिकार

ख अभिव्यक्ति एवम् स्वतन्त्रता

ग विचारको स्वतन्त्रता

घ विधिको समक्ष समानता

ङ दासप्रथा एवम् बलपूर्वक श्रम गर्न निषेध

च जनता एवम् नागरिकहरूको सुरक्षा आदि।

२ आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकार (१९६६)-को सम्झौता अन्तर्गत निम्नलिखित अधिकारहरू रहेका छन्

क स्वतन्त्रताको अधिकार

ख जीवन अनि उचित जीवन निर्वाहको अधिकार

ग कामको निम्ति न्याय सङ्गत व्यवस्था

घ स्वास्थ्य

ङ शिक्षा आदि।

भारतीय संविधानअन्तर्गत मानव अधिकारको चर्चा गर्दा यहाँ संविधानको प्रस्तावनामा नै मानव अधिकारबारे स्पष्ट उल्लेख रहेको पाइन्छ। भारतीय संविधानको प्रस्तावनामा "हामी भारतीय जनता मानिस), भारतलाई एउटा सम्पूर्ण प्रभुत्व सम्पन्न समाजवादी, धर्म निरपेक्ष लोकतन्त्रात्मक जनराज्य बनाउनका लागि एवम् यसका समस्त नागरिकहरूका सामाजिक, आर्थिक, एवम् राजनीतिक न्याय, विचार, अभिव्यक्ति, विश्वास, धर्म अनि उपासनाको स्वतन्त्रा, प्रतिष्ठा एवम् समान अवसर" जस्ता शब्दावलीको प्रयोग रहेको छ, जसलाई मानव अधिकारको मूल स्तम्भ मानिन्छ। साथै जुन संयुक्त राष्ट्र सङ्घ अनि अन्तर्राष्ट्रिय मानव अधिकारको सर्वव्यापी घोषणा पत्र अनुसार नै रहेको देखिन्छ। भारतीय संविधानमा मानवहरूको अधिकारलाई मौलिक अधिकार एवम् सरकारद्वारा बनाइएका विभिन्न कानुनद्वारा संरक्षण प्रदान गरिएको छ। जुन कुराहरू संविधानका विभिन्न धाराहरूमा उल्लेख रहेका छन्। साथै भारतीय सरकारद्वारा मानव अधिकार संरक्षणका निम्ति मानव अधिकार आयोगको गठन गरेर मानव अधिकार संरक्षण अधिनियम (१९९३) -लाई विधिको रूपमा अङ्गीकृत गरिएको पाइन्छ।

**मानव अधिकार समस्याका दृष्टिले ईश्वरी कथा:**

प्रस्तुत कार्यपत्रमा मानव अधिकार समस्याका दृष्टिले विन्द्या सुब्बाद्वारा रचित ईश्वरी कथाको अध्ययन एवम् विश्लेषण गरिएको छ। यसका निम्ति अन्तर्राष्ट्रिय मानव अधिकार संरक्षण सम्झौता-१९६६ एवम् भारतीय संविधानमा उल्लेखित विभिन्न विधिका आधार बनाइएको छ। कथाकार विन्द्या सुब्बा समकालिन नेपाली साहित्यका एक वरिष्ट व्यक्तित्व हुन्। उनका कथाहरूका विषयवस्तु सामाजिक यथार्थवादी रहेका छन् भने समाज घटेका विभिन्न समस्याहरूलाई उनले आफ्नो कथामा यथातथ्य प्रस्तुत गरेकी छन्। प्रस्तुत कथा ईश्वरी उनको तेस्रो कथासङ्ग्रह शीतलहरमा सङ्ग्रहित रहेको छ। यस कथाको कथावस्तु समाजमा प्रचलित बालश्रममाथि आधारित रहेको छ भने कथा सम्पूर्ण रूपमा कथाको पात्र ईश्वरीमाथि केन्द्रित रहेको देखिन्छ।

पात्र प्रयोगका दृष्टिले कथामा प्राथमिक अनि गौण गरी दुई थरीका पात्रहरू रहेका छन्। प्राथमिक पात्रका रूपमा कथामा निहित 'म' पात्र अनि ईश्वरी रहेका छन् भने गौण पात्रका रूपमा 'म' पात्रको परदेशी लोग्ने, छोरा र बहिनी अनि ईश्वरीको आमा र दुईवटा बहिनीहरू रहेका छन्। सामाजिक एवम् आर्थिक स्थितिको दृष्टिले ईश्वरी एउटा निम्न श्रेणीको गरीब आदिवासी परिवारसँग सम्बन्धित रहेकी छ। यहाँ ईश्वरी अनि उसको दुवै बहिनीहरूलाई आमाद्वारा अर्काको घरमा काम गर्न बाध्य गरिएको छ। कथामा निहित पात्र ईश्वरी अनि उसका दुवै बहिनीहरू नाबालिग रहेका छन्। यस कुराको प्रमाण कथामा ईश्वरीको परिचय दिने क्रममा रहेको निम्नलिखित गद्यांशद्वारा स्पष्ट भएको छ:

"ईश्वरी नाम थियो उसको जसलाई सम्झदाँ मन करुणाले भरिन्छ। एक समय घरको कामले भन्दा एक्लोपनले साह्रै असहाय भएकी देखेर अलिकति टाढ़ामा घरबार भएकी मेरी बहिनीले उसको घरमा काम सघाइदिने, उसकी छोरीको स्कुल ब्याग र टिफीन बोकेर स्कुलसम्म पुर्याइदिने त्यस केटी ईश्वरीलाई मेरो घरमा दिइराखेकी थिई। श्यामाङ्गी बुथुरे केश भएकी बातैपिच्छे ङिच्च ङिच्च हाँस्ने १२ वर्षकी केटी पसी पुनः मेरो घरमा।"

माथि उद्धृत गरिएको गद्यांशअनुसार यहाँ ईश्वरीको मौलिक अधिकारको उल्लङ्घन भएको देखिन्छ। भारतीय संविधानको धारा २१(क) अनि अन्तर्राष्ट्रिय मानव अधिकार सङ्घीय सम्झौता (१९६६)-को आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकार अन्तर्गत अनुच्छेद १३(२)-मा बालकहरूका निम्ति अनिवार्य शिक्षाको अधिकारलाई अङ्गीकृत गरिएको छ। भारतीय संविधानको धारा २१(क)-मा ६ वर्षदेखि १४ वर्षसम्म आयुका भएका सबै बालकहरूलाई (शिशु) निःशुल्क एवम् अनिवार्य शिक्षा प्रदान गरिने कुरा उल्लेख रहेको छ। तर प्रस्तुत कथामा ईश्वरीको उमेर १२ [illegible] तापनि उसले अर्काको घरमा मजदुरी [illegible] शिक्षाको अधिकारबाट वञ्चित भएको [illegible] सरकारद्वारा बालश्रम उन्मुलनका निमि[illegible] बालश्रम (प्रतिषेध तथा विनिमय) अधि[illegible] वर्षभन्दा कम उमेरका बालकहरूद्वार[illegible] गर्दै यसप्रकारको कार्यलाई दण्डनीय अपराधको श्रेणीमा राखिएको छ।

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra



CamScanner

प्रस्तुत कथामा ईश्वरी एउटा असहाय, अवहेलित एवम् शोषित पात्रका रूपमा रहेकी छ। यहाँ ईश्वरी अनि उसका दुवै बहिनीहरू नाबालिग रहेका छन् जो आफ्नो आमाको कारणले अर्काको घरमा मजदुरी गर्न बाध्य भएका छन्। कथामा ईश्वरी अनि उसका बहिनीहरू असहाय, लाचार एवम् शोषित छन् भने ईश्वरीको आमा यहाँ शोषकका रूपमा रहेको देखिन्छ। ईश्वरीको आमालाई उनीहरूसँग कुनै प्रकारको माया, दया नरहेको साथै कुनै प्रकारको वास्ता नरहेको देखिन्छ। उसले आफ्नो सन्तानलाई केवल अर्थोपार्जन माध्यम बनाएर उनीहरूका श्रमभोग गरेको कुरा कथामा पाइन्छ। यस कुराको पुष्टि कथामा निहित निम्न लिखित गद्यांशद्वारा हुँदछ:

"उसैले भनेकी उनीहरू तीन दिदी-बहिनीहरूमध्ये एकजना सिलगढीमा छे रे, अझै सानी बहिनी गान्तोकमा। उनीहरूकी आमाले एक महिना, दुई महिनामा आएर ईश्वरीको पारिश्रमिक उठाएर लान्थी बहिनीकहाँबाट र फेरी बहिनीलाई दिन्थें म। यस्तै व्यवस्था थियो। कहिले एकदुई महिनाको अग्रिम राशीसमेत लिएर गएकी हुन्थी। तर ईश्वरीलाई भेट्ने इच्छा लिएर कहिल्यै पनि यहाँसम्म आइन। सुन्छु तरुणी नै छे रे ऊ, तीस पैंतिस वर्षकी। ईश्वरी भन्छे- सब ठाँउ पुग्छे आमा हाम्रो कमाइ उठाउन।"

प्रस्तुत गद्यांशद्वारा ईश्वरीको आमाले ती दिदी-बहिनीहरूलाई आफ्नो सन्तानको रूपमा ग्रहण नगरेर केवल आफ्नो अर्थोपार्जनको माध्यम बनाएको कुरा स्पष्ट हुँदछ। साथै ती दिदीबहिनीहरूमाथि भएको अन्याय, अत्याचार र शोषण आदिको पनि प्रमाण हुँदछ। यहाँ ईश्वरीको आमाले उनीहरूलाई बलपूर्वक अर्काको घरमा मजदुरी गर्न बाध्य बनाएको देखिन्छ। जसले अन्तर्राष्ट्रिय मानव अधिकारको सम्झौता १९६६-को नागरिक एवम् राजनीति अधिकारको कानुन अनुच्छेद ८(३)-मा उल्लेखित बलपूर्वक अनि अनिवार्य श्रमलाई निषेधको उल्लङ्घन गरिएको देखिन्छ। साथै भारतीय संविधानको धारा २३(१) शोषण विरूद्ध अधिकारको पनि उल्लङ्घन भएको छ। यस धारा अन्तर्गत मानवप्रति दुर्व्यवहार एवम् बलपूर्वक श्रमलाई प्रतिषेध गर्दै यस प्रकारको व्यवहारलाई विधिद्वारा दण्डनीय अपराधको श्रेणीमा राखिएको छ। प्रस्तुत कथामा ईश्वरीले आफु सानैदेखि विभिन्न घरमा काम गरेको सन्दर्भमा आफुमाथि भएको लैङ्गिक शोषणको चर्चा म पात्रसँग गरेको देखिन्छ। ईश्वरीमाथि भएको लैङ्गिक शोषणबारे कथामा निहित निम्नलिखित गद्यांशलाई हेर्न सकिन्छ:

"मैले त कस्तो कस्तो घरमा काम गरिसकेकी छु, तन्देरी छोराहरू भएका घरमा पनि। यहाँनेर अर्थहीन झिच्च हाँसी। कति त बुढो मान्छेको पनि ब्योहोरा नै हुँदैन।" प्रस्तुत गद्यांशद्वारा ईश्वरीले विभिन्न घरमा काम गरेको अवधिमा उसमाथि भएको लैङ्गिक शोषण, प्रताडना आदि प्रमाण हुँदछ। भारत सरकारद्वारा बालकहरूलाई लैङ्गिक शोषणबाट सुरक्षाका निम्ति बनाएको कानुन 'लैङ्गिक अपराधहरूदेखि बालकहरूलाई सुरक्षा अधिनियम २०१२' अनुसार कुनै पनि बालकहरूप्रति यस प्रकारको अमानवीय व्यवहारलाई दण्डनीय अपराधको श्रेणीमा राख्दै कठोर दण्डको प्रावधान रहेको छ अनि यस कुरालाई संयुक्त राष्ट्र महासभामा १४ सितम्बर २००९-को सम्झौतामा अङ्गीकृत गरिएको छ।

यस कथामा कतिपय स्थितिहरूमा ईश्वरी एउटी विद्रोही केटीको रूपमा देखा परेकी छ। उसले आफ्नी आमाद्वारा दिदी-बहिनीमाथि गरेको अन्याय, शोषण अनि तिरस्कारपूर्ण व्यवहारको विरोधमा आफुभित्र दमित आक्रोश एवम् आवेगलाई व्यक्त गरेको पाइन्छ। कतिपय स्थितिमा भने ईश्वरी लाचार, असहाय केटीको रूपमा पनि रहेको देखिन्छ। यस सन्दर्भमा कथामा निहित निम्नलिखित गद्यांशलाई हेर्न सकिन्छ:

१. "यो पाली तपाई छुट्टीमा जानुहुँदा म सानो आन्टीकोमा बस्दिनँ आन्टी, आमासँगै नै जान्छु घरमा। खान दियोस् या नदियोस् कतै जान्नँ। उसलाई चैन भयो हाम्रो कमाईले।"

२. "फेरी सब लुगाहरू घरमा नै राखिदिएर नयाँ पाओस् भनी दुःख देखाउँदै मलाई एकसरो लुगामा नै कतै पठाउने हो आमाले।"

तर कथामा निहित 'म' पात्रको ईश्वरीप्रति मानवतावादी दृष्टि रहेको देखिन्छ। ईश्वरी उसको आफ्नो सन्तान नभए तापनि त्यस असहाय बालिकाको भविष्यप्रति चिन्ता व्यक्त गरेको पाइन्छ। आफुले एउटी नाबालिग केटीलाई काममा राखेको कुरामाथि पश्चताप गर्दै अब कुनै साना केटा-केटीलाई काममा नराख्ने प्रतिज्ञा गरेको देखिन्छ। यस सन्दर्भमा कथामा निहित निम्न लिखित गद्यांशलाई हेर्न सकिन्छ:

"ईश्वरी अरू कसैलाई यो घरमा फेरि राख्नलाई तँलाई पठाएकी होइन मैले। तँ नै दिनभरी एक्लै भइस्, तँ जस्ती केटीलाई यसरी राख्नु उचित होइन। दिनकाल ठीक छैन। अब यहाँ बिहान वा बेलुका आएर सघाइदिने कोही पाए ठीकै छ, नत्र तिमीहरू जस्ती सानी केटी राख्दिनँ म।"

यस कथामा ईश्वरी विभिन्न घरमा काम गरेको समय उसमाथि भएका विभिन्न प्रकारका अन्याय, अत्यचार, शोषण साथै आफ्नो आमाद्वारा गरिएको अवहेलना, अनि तिरस्कारपूर्ण व्यवहारले गर्दा मानसिक विकृतिले ग्रसित भएको देखिन्छ। साथै ऊ यहाँ एउटा शिशुले बाल्यकालमा पाउनपर्ने सामान्य अधिकार (जस्तै माया, दया, स्नेह, शिक्षा, मनोरञ्जन आदि)-देखि पनि वञ्चित रहेको देखिन्छ। त्यसैले गर्दा नै ईश्वरी अ असाहय, अवहेलित ठान्दै विचलित आफूलाई संसारको भिडभाड भन्दा ए गर्दै घरमा एक्लै भएको बेला आप इच्छा एवम् आकाङ्क्षा आदिलाई प्रक सन्दर्भमा कथामा निहित निम्न गद्यांशलाई हेर्न सकिन्छ:

"बाथरुमबाट कुनै आवाज आएको छैन। म बिस्तारै त्यातातिर

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya

PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

गएँ, ढोका उसैगरी ढप्क्याएको थियो। मैले चेपबाट हेरेँ, उ भाँडा माभ्न छोडेर हावामा कसैलाई मुक्का हान्दै थिई। फेरि बसी बसी एकपटिको लात उचाली। पछिबाट चिहाएकीले गर्दा मैले केवल हातखुट्टा चलाएकी मात्र देख्थेँ, अनुहारको हावभाव देखिरहेकी थिइनँ। फेरी जुरुक्क उठी र कम्मरमा हात लगाएर अचेलको फिल्मी पारामा जस्तो नाँच्नथाली। "

निष्कर्षमा भन्नु पर्दा प्रस्तुत कथामा ईश्वरी स्थिति अत्यन्त दयनीय रहको देखिन्छ। अन्तर्राष्ट्रिय मानव अधिकार सर्वव्यापी धोषणा पत्रमा अल्लेख गरिएका विभिन्न अधिकार अनुसार हेर्दा इश्वरी सबैतिरबाट वञ्चित रहेको देखिन्छ। कथामा निहित म पात्रद्वारा ईश्वरीको दयनीय अवस्था अनि भविष्यप्रति मानवताको नाताले चिन्ता व्यक्त गर्दै आफ्नो कर्तव्य पालन गरे तापनि ईश्वरीको आमाद्वारा आफ्नो कर्तव्य पालन गरिएको पाइँदैन। भारतीय संविधानको -अध्याय ५ मूल कर्तव्य) धारा ५१(ट) द्वारा माता-पितालाई शिशुको मूल संरक्षक मानिएको छ। प्रत्येक ६ वर्षदेखि १४ वर्षसम्माका शिशुहरूलाई शिक्षा उपलब्ध गराउने जिम्मेवारी संरक्षकमाथि रहेको छ । प्रस्तुत कथामा ईश्वरीको आमा यहाँ उसको संरक्षक नभएर भक्षक बनेको देखिन्छ। यस कथाद्वारा कथाकारले वर्तमान समाजमा देखिएका बाल श्रम एवम् बाल उत्पिडन जस्ता प्रसङ्गलाई प्रकाशमा ल्याउने सफल प्रयास गरिएको छ।

सन्दर्भग्रन्थसूची


-गवाल, एच ओ, सन् २०१७, मानव अधिकार, सातौं संस्करण, इलाहाबाद: सेन्ट्रल ला' पब्लिकेशन्स।

-अंबेडकर, बी आर, सन् २०१८, भारत का संविधान, हाईटेक जयपुर: बुढम पब्लिशर्स।

-छेत्री, कुमार-प्र सम्पा), सन २०१४, साहित्य सङ्केत, वर्ष:४८, अङ्क: ३४, कालेबुङ :नेपाली साहित्य अध्ययन समिति।

-शर्मा, गोपाल, वि सं २०५७, अन्तर्राष्ट्रिय मानव अधिकार, चौथो संस्करण, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार।

-हेमाङ्ग राज अधिकारी-(प्र.सम्पा), वि सं २०७४, प्रयोगात्मक नेपाली शब्दकोश, दोस्रो सं, काठमाडौं: विद्यार्थी प्रकाशन प्रा लि

-अञ्जली कश्यप, सन् २०१४, भारतीय संविधान एवं मानव अधिकार, रायपुर: शताक्षी प्रकाशन

-धरम सिंह, सन् २०१५, मानवाधिकार, लखनऊ: भारत बुक सेन्टर

-बसन्ती लाल बाबेल, सन् २०१६, मानवाधिकार, पाचौं सं.-इलाहाबाद: सेन्ट्रल ला पब्लिकेशन्स

-बिन्दया सुब्बा, सन् २०१३, शीतलहर, काठमाण्डौं:अल्टिमेट मार्केटिङ -प्रा. लि



भविष्यको लागि जीवन बीमा गरी निश्चित् हुनुहोस्।

हाम्रा सेवाहरू

सावधिक, सावधिक (दोहोरो दुर्घटना लाभ समेत) आजीवन, अग्रिम भुक्तानी, बालबच्चाको शिक्षा तथा विवाह, म्यादी, सामूहिक वात्सल्य, जीवन साथी, बाल उमङ्ग, जीवन सुरक्षा बीमा।

"बीमा क्षेत्रको विश्वसनीय नाम"

राष्ट्रिय बीमा संस्थान

प्रधान कार्यालय, रामशाहपथ, काठमाडौं

पी. ओ. बक्स: ५२७, फोन : ४२६२५२०, फ्याक्स : ०१-४२६२६१०

इमेल : info@beema.com.np, वेभ : www.beema.com.np


Principal
Kalipada Ghosh Tarai Mahavidyalaya

PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra